नेपाल सरकार
# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
च.नं.

## प्रेस विज्ञप्ति

मिति २०७९।१०।०१ गते आईतवार काठमाडौंबाट पोखराका लागि उडेको यति एयरलाईन्सको 9N-ANC विमान पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै भएको दुर्घटनाका सम्बन्धमा विस्तृत जाँचवुझ गरी दुर्घटनाको कारण पहिचान गरी आगामी दिनमा यस किसिमका दुर्घटना हुन नदिन सम्बन्धित निकायहरुले कार्यान्वयन गर्नुपर्ने सुझावहरु सहितको प्रतिवेदन पेश गर्न गैह सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमावली, २०७१ को नियम १० वमोजिम गठित दुर्घटना जाँच आयोगले विस्तृत जाँचवुझ गरी दुर्घटनाको कारण पहिचान गरी आगामी दिनमा यस किसिमका दुर्घटना हुन नदिन कार्यान्वयन गर्नुपर्ने सुझावहरु सहितको अन्तिम प्रतिवेदनको मस्यौदा (Draft Final Report) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यू, समक्ष मिति २०८० असोज ४ गते पेश गरिएको थियो ।अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको मापदण्ड वमोजिम ६० दिनको समय दिएर सम्बद्ध मुलुक/निकायहरुलाई उक्त मस्यौदा प्रतिवेदन उपर राय प्रतिकृयाका लागि पठाइएको र समयसीमा भित्र प्राप्त प्रतिक्रियाहरु मध्ये आयोगले उपयुक्त ठहराएका राय/प्रतिक्रिया समावेश गरी तयार गरेको दुर्घटना जाँचको अन्तिम प्रतिवेदन आज मिति २०८०/९/१२ गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूलाई पेश गरेको र ICAO को मापदण्ड बमोजिम सम्बन्धित निकाय तथा सर्वसाधारण समेतको जानकारीका लागि उक्त प्रतिवेदन यस मन्त्रालयको वेभसाइट मार्फत सार्वजनिक गरिएको व्यहोरा अनुरोध छ ।

मिति : २०८०।०९।१२ गते

हेमराज तामाङ,
सहसचिव एवम् प्रवक्ता